## नगर कार्यपालिकाको बैठक आ.व. २०८०/०८१

मिति :- २०८० साल फाल्गुन २४ गते सोमबार समय :- विहान ११:०० बजे

अध्यक्ष :-नगर प्रमुख श्री विरेन्द्र माझी

उपस्थिति

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | उप-प्रमुख | सरिता देवी सिपलिया यादव | |
| २ | वडा अध्यक्ष | सुरेन्द्र मण्डल | |
| ३ | वडा अध्यक्ष | सन्तोष कुमार यादव | |
| ४ | वडा अध्यक्ष | विजय कुमार यादव | |
| ५ | वडा अध्यक्ष | मौली कुमार मण्डल | |
| ६ | वडा अध्यक्ष | वुद्धिमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | रामनारायण मण्डल | |
| ८ | वडा अध्यक्ष | राजेश्वर ठाकुर | |
| ९ | वडा अध्यक्ष | अजय यादव | |
| १० | वडा अध्यक्ष | हरिश्चन्द्र वर्मा | |
| ११ | वडा अध्यक्ष | रामलखन मण्डल | |
| १२ | वडा अध्यक्ष | साकिर खाँ | |
| १३ | वडा अध्यक्ष | श्रीचेन्द्र मुखिया | |
| १४ | वडा अध्यक्ष | कुशेश्वर यादव | |
| १५ | वडा अध्यक्ष | कृष्ण कुमार यादव | |
| १६ | नगर कार्यपालिका सदस्य | कौशल्या देवी मण्डल | |
| १७ | नगर कार्यपालिका सदस्य | चन्द्रा कुमारी | |
| १८ | नगर कार्यपालिका सदस्य | मञ्जुली देवी पासमान | |
| १९ | नगर कार्यपालिका सदस्य | रबिना खातुन | रबिना |
| २० | नगर कार्यपालिका सदस्य | राजकुमारी सदा | |
| २१ | नगर कार्यपालिका सदस्य | धिरेन्द्र कुमार राम | |
| २२ | नगर कार्यपालिका सदस्य | राजनारायण साह | |
| २३ | नगर कार्यपालिका सदस्य | लखेन्द्र ठाकुर | |
| २४ | सचिव | किशोर कुमार राम | |

सहयोगी कर्मचारी

१. संजय यादव - कम्प्युटर अपरेटर

CamScanner

## प्रस्तावहरु

१. १३ औं नगर सभा सम्बन्धमा ।
२. योजना कार्यक्रम रकमान्तर सम्बन्धमा ।
~~३. नगर क्षेत्र भित्रको सार्वजनिक बाटो सम्बन्धमा ।~~
४. विविध ।

## निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गत १ देखि १४ वटै वडाबाट रोजगार शाखामा पेश भएको योजनाहरु नगर सभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा स्वास्थ्य शाखाको आ.व. २०८०।८१ को स्वीकृत कार्यक्रम Safe Abortion Site कार्यक्रमको बजेटलाई जेष्ठ नागरिक तथा विपन्न नागरिकका लागि स्वास्थ्य शिविर कार्यक्रममा बजेट रकमान्तरण गर्ने तथा अपाङ्गताको शल्याक्रियाबाट ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम संचालनको लागि रकमान्तरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

~~निर्णय नं ३ प्रस्ताव नं. २ माथि छलफल गर्दा उद्यम विकास कार्यक्रमको लागि सबै वडा कार्यालयमा~~ सहभागी पठाउनु हुन पत्राचार भएकोमा हाल सम्म २,९,१०,१२ र १३ बाट सहभागीको नामावली प्राप्त नभएकोले उक्त वडाहरुबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत EMIS मा सूचिकृत वेरोजगारहरु मध्ये सहभागी छनौट गरी सहभागी गराउने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगत कृषि विकास शाखाबाट कृषि गणकहरुको लागी आ.व.२०७९।८० को विज्ञापन प्रक्रिया अगाडी बढन नसकेको हुदा उक्त विज्ञापन रद्द गरी आवेदन कर्ताहरुको दरखास्त दस्तुर वापतको रकम फिर्ता गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत महिला बालबालिका तथा समाज कल्याण शाखामा हनुमाननगर कंकालिनी नगरपालिका स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धि कार्यविधी, २०८० स्वीकृत गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको आयुर्वेद शाखाको आ.व. २०८०।८१ को स्वीकृत कार्याक्रमहरु मध्ये योग शिविर संचालनलाई जेष्ठ नागरिक सेवा कार्यक्रममा रकमान्तरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगतका सबै वडा तथा पालिका अन्तर्गतका शाखा संचालनका लागि खरिद हुने मसलन्द सामाग्रीहरुको बजेट अपुग भएको हुनाले थप रकम रु. १५,००,०००।- छुट्याउने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिकाको शिक्षा ऐन, ~~२०८० नगर सभामा पेश गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।~~

निर्णय नं. ९ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस पालिका अन्तर्गत शिक्षा शाखाको आ.व. २०८०।८१ को स्वीकृत कार्यक्रम अभिभावक संग मेयर लाई बाल बालिका संग मेयर कार्यक्रममा रकमान्तरण गर्ने निर्णय गरियो । साथै स्वयम् सेवक शिक्षकको लागि आ.वि. अर्न्तगत ११ जना र मा.वि.अन्तर्गत ११ जना शिक्षकको कोटा निर्धारित गरिएकोमा थप ५ जना आ.वि. शिक्षक भर्नाको लागि कोटा निर्धारण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत पञ्जिकरण शाखाबाट वडा सचिव तथा कम्प्युटर अपरेटरलाई सामाजिक सुरक्षा तथा पञ्जिकरण र राजश्व संकलन तथा Online सिफारिस सम्बन्धि ३ दिने तालिम रकम रु. २,००,०००।- विनियोजन गरी कार्यक्रम संचालनको लागि नगर सभामा पेश गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत आन्तिरिक लेखा परिक्षण शाखाबाट १४ वटै वडा तथा नगरपालिका भित्र वित्तिय सुशासन सम्बन्धि तालिमको लागि रकम रु. १,००,०००।- व्यवस्थापन गरी कार्यक्रम संचालन गर्ने सर्वसम्मतिबाट निर्णयगरियो ।

निर्णय नं. १२ प्रस्ताव नं. २माथि छलफल गर्दा हनुमाननगर पोलिटेक्निक ईन्स्टिच्युट संचालन कार्यविधी, २०७७ मा तपसिल बमोजिम संसोधन हुन नगर सभामा पेश गर्ने गरि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिल**

- दफा ३ मा शिक्षालय समिति गठन : को उपदफा ३(ख) सदस्यहरुको पदाअवधि ५ वर्ष रहेकोले अव उपरान्त उक्त समयावधि ३ वर्ष हुनेछ ।
- दफा ४ मा सदस्यहरुको योग्यतामा :उपदफा (घ) शैक्षिक योग्यता स्नातक उर्तिण गरेको वा सो सरह थप गर्ने ।
- दफा ८ मा शिक्षालय प्रमुखको पदस्थापना : उपदफा ३ मा संचालक समिति विघठन वा क्रियासिल नरहेको अवस्थामा नगरपालिकाले शिक्षालयको नि.प्रमुख कुनै कर्मचारीहरुलाई तोक्न सक्नेछ र नि.प्रमुखलाई आवश्यक्ता अनुसार परिवर्तन गर्न सकिनेछ थप गर्ने ।
- दफा २० लेखा र लेखा परिक्षण : उपदफा ४ मा लेखा परिक्षक संचालन समितिले ३ जनाको नाम सिफारिस गर्नेछ । तीन जना मध्ये शिक्षा समितिले एक जना छनौट गर्नेछ ।

निर्णय नं. १३ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना २०७८-२०८७ साथै खानेपानी सरसफाई तथा स्वच्छता विधेयक २०८० सभामा पेश गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. १४ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यालय तथा मातहतमा कार्यरत करार कर्मचारीहरु ( सबै नगर प्रहरीहरुको ३ महिना थप) र अन्य कर्मचारीहरुको माघ देखि असाढ मसान्त सम्म थप गर्ने तथा २०८१ साल श्रावण १ गते देखि म्याद थप नभएका कर्मचारीहरु कार्यालयमा हाजिर नहुनु हुन सूचना प्रकाशन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. १५प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिका अर्न्तगतको सामुदायिक विधालयहरुमा विद्यालय लेखापाल विज्ञापनको लागि अनुमति दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

CamScanner

निर्णय नं. १६ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्मतको जग्गाहरुको वर्गिकरण कार्य गर्न बजेट व्यवस्थापन आवश्यक रहेकोले रकम रु. १०,००,०००।- (अक्षरेपी रु.दश लाख मात्र) विनियोजन गर्न नगर सभमा पेश गर्नेसर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. १७ प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा व्यवस्थापन सहजीकरण कार्यको लागि बजेट व्यवस्थापन आवश्यक रहेकोले रकम रु. १०,००,०००।- (अक्षरेपी रु. दश लाख मात्र) विनियोजन गर्न नगर सभा समक्ष पेश गर्नसर्वसम्मतिबाट निर्णय गरियो ।

निर्णय नं. १८प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ७ मा निर्मित कर्भड हलमा जिम तथा कराते प्रशिक्षण प्रदान गर्ने एक जना प्रशिक्षकलाई डोर हाजरीमा खटाई काम गर्न लगाउने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

निर्णय नं. १९ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत प्रमुख प्रशासीकय अधिकृत ज्युलाई सेवा सुविधा बापत घर भाडा तथा भान्सेको व्यवस्था हुने गरि नगर सभामा पेश गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

निर्णय नं. २० प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र कुनै किसिमको आपत विपत (जस्तै आगलागी, बाढी, पहिरो, सितलहर तथा अन्य) तथा अति विपन्न लगायत अन्य सहयोगको लागि आर्थिक सहयोग बापत रकम रु. ५ हजार देखि २५ हजार सम्म उपलब्ध गराउन नगर प्रमुख ज्युलाई अधिकार प्रत्याजोन गर्ने साथै आर्थिक सहयोग शिर्षकमा नगर सभाबाट रकम रु. १५,००,०००।- बजेट थप गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

निर्णय नं. २१ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका सबै वडाहरुको विविध प्रकृतिको खर्च रकम रु. ५,६०,०००।- निर्धारण गर्न नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगतको वडा नं. १३ को वडा कार्यालय र स्वास्थ्य चौकि सम्बन्धित वडामै हुनु पर्ने वा नगरपालिका कार्यालय वरपर हुने गरि व्यवस्था मिलान गर्नु पर्ने अन्यथा उक्त वडा कार्यालय र स्वास्थ्य चौकिको घर भाडा, आगामी महिना देखि कार्यालयद्धारा नव्यहोरिने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

निर्णय नं. २३ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतको वडा नं. ९ को वडा कार्यालय भौगोलिक दृष्टीकोणले सेवाग्रीहरुको लागि औचित्य नरहेको भनि सेवाग्राहिहरुबाट गुनासो प्राप्त भएकोले उक्त वडा कार्यालय हनुमाननगर बजारको मुल सडक क्षेत्रमा सबै सेवाग्रीहरुको पहुँच हुने स्थानमा व्यवस्था गर्नु पर्ने अन्यथा उक्त वडा कार्यालयको घर भाडा आगामी महिना देखि कार्यालयद्धारा नव्यहोरिने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

निर्णय नं. २४ प्रस्ताव नं. २ माथि छलफल गर्दा आन्तरिक मामिला तथा कानुन मन्त्रालय दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन; २०७६ को दफा ५ मा स्थानीय जातीय बिभेद तथा छुवाछुत अनुगमन समिति गठनको उपदफा १(ख) मा राम सदा र अमिरका कुमारी खंग र उपदफा १(ग) मा चन्द्रा कुमारीलाई तोक्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो

CamScanner

निर्णय नं. २५ प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(क) को बुँदा नं. १३ बमोजिमयस नगरपालिका अन्तर्गत उच्च स्तरीय अनुगमन समिति तपसिल बमोजिम सदस्य हुने गरि गठन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

तपसिल

| | |
|---|---|
| १. नगर प्रमुख | - संयोजक श्री विरेन्द्र माझी |
| २. नगर उप-प्रमुख | - सदस्य श्री सरिता देवी सिपलिया यादव |
| ३. का.पा.सदस्य | - सदस्य श्री राजनारायण साह |
| ४. ईन्जिनियर | - सदस्य श्री श्याम सुन्दर मण्डल |
| ५. जिन्सी शाखा प्रमुख | - सदस्य श्री शिवेन्द्र प्रसाद मण्डल |
| ६. योजना शाखा | - सदस्य श्री राजिव कुमार सिंह |

निर्णय नं. २६ प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८०।८१ मा पदाधिकारी भर्मण अवलोकन शिर्षकमा बजेट रकम रु. ८,००,०००।- विनियोजन गर्नुहुन नगर सभा समक्ष पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

निर्णय नं. २७ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १४ मा रहेको रम्पुरा प्रहरी चौकिलाई भान्सा घर निर्माणको लागि रकम रु. ३,००,०००।- व्यवस्थापनको लागि नगर सभामा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

निर्णय नं. २८ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ८ अवस्थित योगिनीमाई पोखरी ३ वर्षको लागि ठेक्का लागेको र उक्त पोखरीको किस्ता रकम बापत ५० प्रतिशत रकम नगरपालिकाको आन्तिर राजश्व खातामा जम्मा समेत गरेको हाल उक्त पोखरीमा सघन सहरी तथा भवन निर्माण आयोजनाबाट पोखरीको सौन्दर्यकरण कार्यको लागि बजेट व्यवस्थापन भएकोले उक्त पोखरी खाली गर्न आवश्यक रहेको हुदा ठेकेदारको सम्पुर्ण रकम फिर्ता दिने निर्णय नगर सभाबाट अनुमोदन गर्न पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

निर्णय नं. २९ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको विभिन्न सार्वजनिक पोखरीको ठेक्का कार्यको लागि पटक पटक ठेक्का प्रक्रिया अगाडी बढाउदा केहि पोखरीहरुको न्युनतम कवोल रकम समेत अधिक भएको भनि प्राप्त गुनासो अनुसार उक्त पोखरी ठेक्का लगाउन न्युनतम रकम घटाउन नगर सभामा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

निर्णय नं. ३० प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व. २०८०।८१ को दोश्रो नगर सभा संचालन बापत रकम रु. ५,००,०००।-, वास कार्यक्रमको लागि रकम रु. ५,००,०००।- र आयुर्वेद कार्यक्रमको लागि औषधी खरिद रकम रु.२,५०,०००।-, कर्मचारी पारिश्रमिक तलब रु. १५,००,०००।-, क्यान्सर पिडित मृगौला डाईलोसिस शिर्षकमा रकम रु. ५,००,०००।-, सार्वजनिक सुनुवाई कार्यक्रम रकम रु. ५,००,०००।-, नगर स्तरीय बजेट रकम रु. ५० लाख आन्तरिक श्रोतबाट विनियोजन गर्ने वडा नं. २ र १३ मा थप रकम रु. २०/२० लाख तथा वडा नं. १० र १२ को पेश भएका योजनाहरु स्वीकृत तथा विनियोजनको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

निर्णय नं. ३१ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व. २०८०।८१ को प्रथम नगर सभाबाट स्वीकृत वडा स्तरीय तथा नगर स्तरीय योजनाहरु विभिन्न कारणवस संचालन हुन नसकेकोले सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार स्वीकृत योजनाहरु रकमान्तरण तथा संसोधन गरि नगर सभा समक्ष पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

CS CamScanner